**बिषय : एकीकृत सम्पत्ती विवरण पेश गर्ने बारे सम्पत्ती धनीहरुलाई अत्यन्त जरुरी**

**सूचना ! सूचना !! सूचना !!!**

प्रमुख प्रशासकीय अधिकृत

कृष्णपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मुलरिया, कञ्चनपुर
७ नं. प्रदेश, नेपाल
२०७३

**प्रथम पटक प्रकाशित मिति:- २०७५/०४/०१**

यस कृष्णपुर नगरपालिकाले हालसम्म मालपोत कर तथा घरकर छुट्टाछुट्टै असुल गरी आएकोमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम आ.व.२०७५/०७६ श्रावण १ गते देखि एकीकृत सम्पत्ति कर लागू गरिने भएकोले नगरपालिका क्षेत्रभित्र आफ्नो नाउमा दर्ता जग्गा रहेका जग्गाधनीहरुलाई आफ्नो जग्गा र सो जग्गामा बनेको संरचनाको विवरण नगरपालिकाको सम्बन्धित वडा कार्यालयमा दाखिला गरी नगरपालिकामा लगत कायम गराउन हुन यो सूचना प्रकाशित गरिएको छ ।

सम्पत्तिको विवरण दाखिला गर्ने फाराम वडा कार्यालयहरुबाट यही मिति २०७५।४।१ गते देखि वितरण हुने हुँदा फाराम प्राप्त गर्नु भई सो फाराममा सत्य तथ्य विवरण भरी मिति २०७५।४।१५ गते भित्र सम्बन्धित वडा कार्यालयमा दाखिला गर्न हुन अनुरोध गरिन्छ । यस्तो विवरण जग्गाधनी आफै वा निजको सँगोल परिवारका व्यक्ति वा निजको मञ्जुरीनामा प्राप्त व्यक्तिले मात्र बुझाउन सक्नेछन् । नगरपालिकाले तोकिएको अन्तिम मिति सम्म पनि विवरण दाखिला नगर्ने जग्गाधनीहरुले विलम्ब शुल्क तिर्नुपर्ने हुँदा तोकिएको समय भित्रै आ-आफ्नो सम्पत्ति (घर, जग्गा र संरचना) को विवरण पेश गर्न हुन हार्दिक अनुरोध गरिन्छ ।

एकीकृत सम्पत्ति करको विवरण दाखिला गर्नका लागि आ.व.२०७४।०७५ सम्मको मालपोत र घर कर चुक्ता गरेको रसिदको प्रतिलिपि, जग्गाधनी दर्ता प्रमाण- पूर्जा, नागरिकताको प्रमाण- पत्र एवं घर नक्सा पास गरेको भए सोको प्रतिलिपि पेश गर्नु पर्नेछ । एकीकृत सम्पत्तिकर तिरेपछि सो घरजग्गामा मालपोत र घर कर नलाग्ने व्यहोरा समेत जानकारी गराईन्छ ।